**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS DATE:19.03.2024**

---

***LS Poll notification***

लोकसभाको पहिलो चरणको चुनाउको अधिसूचना भोलि जारी हुनेछ।

यस चरणमा सत्र राज्य र केन्द्र शासितप्रदेशहरूमा लोकसभाको एक सय दुई सीटहरूका लागि चुनाउ हुनेछ।

पहिलो चरणमा तामिलनाडुको उन्चालिस, राजस्थानको बाह्, उत्तर प्रदेशको आठ, मध्यप्रदेशको छ. उत्तराखण्ड, असम र महारास्ट्रका पाँच पाँच, बिहारका चार, पश्चिम बंगालका तीन, अरूणाचल प्रदेश, मणिपुर र मेघालयका दुई दुई तथा छत्तीसगढ़, मिजोराम, नागाल्याण्ड,सिक्किम, त्रिपुरा, अंडमान र निकोवर द्वीप समूह, जम्मु काश्मीर, लक्ष्यद्वीप तथा पुड्डुचेरीका एक एक सीटका लागि चुनाउ हुनेछ।

उम्मेदवारले यसै महीना सत्ताइस तारीकसम्म दर्ता गर्न सक्नेछन्।

मतदान उन्नाइस अप्रेलमा हुनेछ।

लोकसभा चुनाउ देशभरिमा सात चरणमा गराइनेछ र मतगणना चार जूनमा हुनेछ।

---

***CEO office clarification***

मुख्य निर्वाचन अधिकारी, सिक्किमको कार्यालयद्वारा आज जारी प्रेस बयान अनुसार जनप्रतिनिधित्व ऐन 1951 को धारा पाँच A को उपधार 2 अनुसार सिक्किमको संघ विधान समस्टि, संघ समस्टिका मतदाताका लागि मात्र आररिक्ष छ।

कानूनी प्रावधान अनुसार संघ समस्टिका मतदाताहरूले मात्र यस समस्टिको चुनाउ लड़न पाउँछन्।

प्रेस बयानमा अझै के सपस्ट गरिएको छ भने सिक्किमको संघ समस्टिसित सम्वन्धित कानूनी वा अन्य प्रावधानहरूलाई यसपालिको आम चुनाउका लागि संशोधन गरिएको छैन्।

मुख्य निर्वाचन अधिकारीको कार्यालयले भनेको छ भारतको निर्वाचन आयोगद्वारा गत सोह मार्चमा सिक्किम विधानसभाको चुनाउका लागि घोषित चुनाउ कार्यक्रम सरह प्रेस बयान 2004 र 2019 सालमा पनि जारी गरिएको थियो।

---

***Book Fair***

गान्तोकको एम जी मार्गमा सिक्किम पुस्तक मेला 2024 आयोजन गरिएको छ।

हिजोदेखि शुरू भएको पुस्तक मेला भोलि सम्पन्न हुनेछ छ।

युवा पिढ़ीमा पढ़ने बानी बसाउनु र विद्यार्थीहरूलाई पाठ्यक्रमको एक भागको रूपमा पढ़ाइ गर्न लगाउने उद्देश्य तीन दिने लामो पुस्तक मेलाको आयोजना गरिएको हो।

मेलाको दोस्रो दिन आज चुनाउको एउटा विषयवारे परिचर्चा राखिएको थियो।

गान्तोकका जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री तुषार निखरे सहायक जिल्लाधीश श्री अभिजित पाटिल उपस्थित रहनुभएको कार्यक्रममा सहभागी शिक्षकहरूले मतदाताको महत्ववारे चर्चा गर्दै आम जनतासित आफ्नो प्रजातान्त्रिक अधिकारको प्रयोग गर्न र समाजको विकाससँगै न्याय तथा समानता सुनिश्चित गर्न मतदान गर्ने अपील गरे।

यसमा भारतको चुनाउ आयोगद्वारा शुरू गरिएको know your candidate KYA app वारे पनि अवगत गराइयो।

बनाइन्छ यस app द्वारा मतदाताहरूले उम्मेदवारहरूवारे महत्वपूर्ण जानकारी प्राप्त गर्न सक्नेछन् र चुनाउ प्रक्रिया पारदर्शिता सुनिश्चित गर्नमा सहयोग हुनेछ।

---

***Health camp***

राज्यको महिला तथा बाल विकास विभागले भारतको निर्वाचन आयोग र स्वास्थ्य विभागले जन स्वास्थ्य केन्द्र, पाकिममा विशेष विकलाङ्गता शिविर आयोजना गरयो।

जिल्लाधीश श्री टाशी छोपेलको निर्देशनमा सिङ्गताम जिल्ला अस्पतालको चिकित्सा टोलीको देखरेखमा आयोजित शिविरको उद्देश्य दिब्याङ्गहरूलाई सेवा र सुविधा उपलब्ध गराउनु हो।

शिविरमा चिकितसकहरूको एउटा टोलीले रोगीहरूको जाँच गरे।

उनीहरूलाई विकलाङ्गता प्रमाणपत्र पनि प्रदान गरियो।

यसमा बताइए अनुसार स्वास्थ्य विभागले आगामी दिनहरूमा अतिरिक्त शिविरहरू आयोजना गर्नेछ।

---

***Startup mahakumbh***

नयाँ दिल्लीको भारत मंडपममा हिजोदेखि आरम्भ भएको तीन दिवसीय स्टार्टअप मगाकुम्भको दोस्रो दिन आज विभिन्न स्टार्टअप समूहहरूले आ आफ्ना क्षेत्रमा गरिएका नवाचारमाथि आफ्नो विचार साझा गरे।

यस महाकुम्भमा विभिन्न स्टार्टअपका बेग्ला बेग्लै पेभिलियन बनाइएको छ जसमा कैयौं प्रकारका नवीन तकनीकि र उत्पादहरू प्रदर्शन गरिँदैछ।

यीमध्ये आर्टिफिशियल इन्टेलिजेन्स-ए-आई बिजनेस टू बिजनेस-बीटूबी, एग्रीटेक, डीपटेक, कलाईमेट टेक,गेमिंग, ई-स्पोर्टस, फिनटेक जस्ता पेभिलियन सामेल छन्।

यस महाकुम्भको उद्देश्य पूजीपतिहरू र निवेशकहरूलाई भारतीय व्यापारसित जोड़नु हो।

भारत सरकारको गवर्नमेन्ट ई मार्केटप्लेस जीईएम अर्थात पब्लिक प्रोक्योरमेन्ट पोर्टलको पनि पेभिलियन लगाइएको छ र यसमा जी ईएम को उपयोगितावारे जानकारी प्रदान गर्रिंदैछ।

जी ई एम का अतिरिक्त मुख्य कार्यकारी अधिकारी श्री अजीत वी चौहान अनुसार यस महाकुम्भमा जी ई एम को माध्यमद्वारा स्टार्टअपलाई जोड़ने काम गर्रिंदैछ।

स्टार्टअप महाकुम्भमा दुई हजार भन्दा धेरै स्टार्टअप हजारौं निवेशक भावी अद्यमी र विश्वस्तरीय प्रतिनिधि मण्डलले भाग लिइरहेछन्।

---

***Northeast games***

तोस्रो पूर्वोत्तर खेल 2024 नागाल्याण्डको क्षेत्रीय खेल उत्कृस्टता केन्द्र सोविमामा शुरू भएको छ।

भव्य उद्घाटन समारोहमा नागाल्याण्डका मुख्यमन्त्री श्री नेफयू रियोले खेल शुरू भएको आधिकारिक घोषणा गर्नुभयो । पूर्वोत्तर खेलमा सिक्किमका तिरानब्बे जना पुरूष र एकसाठी जना महिला खेलाड़ीहरूले भाग लिइरहेछ।

यो खेला तेइस मार्चमा समाप्त हुनेछ।

---